# स्थानीय राजपत्र

भरतपुर महानगरपालिकाद्वारा प्रकाशित

खण्डः ९, संख्याः ६, मितिः २०८२/०७/३०

## भाग–२

## भरतपुर महानगरपालिका विद्युतीय शवदाह गृह सञ्चालन कार्यविधि, २०८२

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

बागमती प्रदेश, नेपाल

# भरतपुर महानगरपालिका विद्युतीय शवदाह गृह सञ्चालन कार्यविधि, २०८२

पारित मिति २०८२/७/२५

प्रमाणिकरण मिति २०८२/७/३०

**प्रस्तावनाः**

विद्युतिय शवदाह गृहलाई प्रभावकारी मर्यादित पारदर्शी, वातावरणमैत्री र मितव्ययी ढङ्गले सञ्चालन गर्न तथा धार्मिक, सांस्कृतिक र सामाजिक परम्पराको सम्मान गर्दै आधुनिक प्रविधिको प्रयोग गरी मानिसको मृत्यु हुँदा शवहरूको व्यवस्थित तवरले दाहसंकार गर्ने उद्देश्यले महानगरपालिकाको शवदाहगृह नियमित, व्यवस्थित र प्रभावकारीरुपले संचालन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी भरतपुर महानगरपालिकाको वातावरण तथा प्राकृतिक श्रोत संरक्षण ऐन, २०७६ को दफा ६६ बमोजिम यो कार्यविधि जारी गरिएको छ।

## परिच्छेद १
## संक्षिप्त नाम र प्रारम्भः

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "भरतपुर महानगरपालिका विद्युतिय शवदाह गृह संचालन कार्यविधि, २०८२" रहनेछ।

(२) यो कार्यविधि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) "महानगरपालिका" भन्नाले भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनुपर्दछ।

(ख) "शव" भन्नाले देश, विदेशका नागरिकहरूको स्वभाविक कालगतिले वा अन्य विभिन्न कारणले मृत्यु भई दाहसंकारको लागी ल्याइएका मृत शरीरलाई सम्झनु पर्दछ।

(ग) "शवदाह गृह" भन्नाले भरतपुर महानगरपालिकाको स्वामित्वमा रहेको वडा नं. १ देबघाट स्थित विद्युतिय शवदाह गृहलाई सम्झनु पर्छ।

(घ) "वडा कार्यालय" भन्नाले भरतपुर महानगरपालिका अन्तर्गतको वडा समितिको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "परिवार" भन्नाले मुलुकी देवानी संहिता २०७४ को दफा २०५ र २३९ बमोजिमका नाता सम्बन्धहरु तथा दाहसंस्कार प्रयोजनार्थ अन्य कानूनी व्यक्ति समेतलाई सम्झनु पर्दछ।

(च) "अन्य बस्तुहरु" भन्नाले आ-आफ्नो सँस्कार अनुसार मृत शरिर सँगै दाह संस्कारको लागी ल्याईएका अन्य बस्तुहरुलाई जनाउनेछ।

(छ) आफन्त भन्नाले रगत, विवाह वा कानूनी नाताले जोडिएका नजिकका मानिसलाई सम्झनु पर्दछ र सो शव्दले मृतकको हकवाला वा संरक्षकको रुपमा रहेको व्यक्ति समेतलाई सम्झनु पर्नेछ।

## परिच्छेद २

## शव दहन सम्बन्धी व्यवस्थाः

**३. शवदाह गृहमा शव दहन सम्बन्धी व्यवस्थाः**

(क) भरतपुर महानगरपालिकाको शवदाह गृहमा शवदहन गर्नका लागि आउने व्यक्ति, परिवार वा आफन्तले ल्याउने शवको सम्बन्धमा अनुसूची १ बमोजिमको विवरण भरी दर्ता गर्नुपर्नेछ। अनुसूची १ बमोजिमको बिवरण प्राप्त भए पश्चात अनुसूची २ बमोजिम शव दहन अनुमति पत्र प्रदान गरिनेछ।

(ख) शवदहन गर्नका लागि आउने व्यक्ति, परिवार वा आफन्तले मृतकको परिचय खूल्ने कागजात र आफन्तको परिचय पत्र पेश गर्नुपर्दछ।

(ग) शवदहनका लागि नाम दर्ता गर्दा परिवार वा आफन्तबाट प्रति शवको तोकिए बमोजिम शुल्क तिर्नुपर्ने छ।

(घ) बेवारिसे शव दहन गर्नुपर्ने भएमा शव फेला परेको सम्बन्धित वडा

कार्यालय, जिल्ला प्रहरी कार्यालय तथा अस्पतालमा मृत्यु भएकाको हकमा सम्बन्धित अस्पतालको सिफारिस समेतको आधारमा मात्र निशुल्क दहन गर्न सकिनेछ ।

(ङ) शवदहनको लागि आवश्यक सामाग्रीहरु मृतक परिवार/आफन्त/सरोकारवाला स्वयंले व्यवस्था गर्नुपर्नेछ ।

(च) शव जलाउदा मृतक परिवार/आफन्त/सरोकारवाला व्यक्तिहरु अन्तिम समय सम्म वस्नु पर्ने छ ।

(छ) शवलाई कपडा, काठ वा अन्य ज्वलनशील वस्तु प्रयोग नगरी सिधै विद्युतीय शवदाह गृहको चुल्होमा मा राख्ने व्यवस्था गरिनेछ ।

(ज) शवलाई विद्युतीय शवदाह गृहको चुल्होमा राख्नु अघि सुरक्षित तरिकाले आफन्त वा परिवारलाई आफ्नो धार्मिक संस्कार बमोजिका संस्कारहरु सम्पादन गर्न दिने व्यवस्था गरिने छ ।

(झ) शव दहन गर्ने क्रममा शवलाई विद्युतीय चितामा राख्ननको लागि शवदाहगृहमा तोकिएका व्यक्ति वा कामदारको अनुमतिमा मृतकका आफन्त वा अन्य सरोकारवाला व्यक्तिहरुसँग आवश्यक सहयोग लिन सकिनेछ ।

(ञ) शव दहन गर्दा मृतकका घरपरिवारका व्यक्ति र उपयुक्त संख्यामा आफन्त तथा मलामीलाई मात्र प्रवेश दिईनेछ ।

(ट) चिता मेशिनबाट गरिने शव दहनको सम्पूर्ण कार्य तोकिएका कामदारबाट सम्पन्न गरिनेछ र सरोकारवाला पक्षका तर्फबाट आवश्यकतानुसार सहयोगीको भूमिका निर्वाह गर्न सकिनेछ ।

(ठ) शवदहन गर्नका लागि टोकन प्रणाली लागु गरी प्राथमिकताको आधारमा दहन गरिनेछ ।

(ड) विहान ५ वजे देखि बेलुका ८ बजे सम्म शवदाहगृहमा उपलब्ध शवमात्र जलाइने छ । तर सो समय बाहेक अति आवश्यक भएको अवस्थामा शवदाह गृह व्यवस्थापन समितिको सिफारिसमा शव दहन गर्न सकिनेछ ।

(ढ) शवदाह सम्पन्न भएपछि परिवार वा आफन्तबाट अस्तु (खरानी) को माग

भएमा आवश्यकतानुसार उपलव्ध गराउन सकिनेछ।

(ण) शवदाह गृहको चितामा प्राविधिक समस्या आई मेशिन सञ्चालन गर्न नसकिने भएमा शव जलाउन बाध्य हुने छैन।

(त) शवदहन गरिसकेपछि बाँकी रहेका अन्य वस्तुहरु हटाई/लगी सर सफाई गर्ने कार्य सरोकारवाला आफैले गर्नुपर्नेछ। र समय सापेक्ष शवदाह गृह परिसरलाई सर सफाई राख्न सर्वसाधारण आम नागरिकको समेत दायित्व रहनेछ।

(थ) शवदाह गृह परिसरमा शोकमा रहेका परिवारजनको लागि प्रतीक्षा कक्ष, नुहाउने ठाउँ लगायत सुविधाहरु उपलब्ध गराइनेछ।

(द) विद्युतिय शवदाह गृह परिषरमा रहँदा बस्दा आफन्त तथा परिवारले आफ्नो सामानको सुरक्षा आफैले गर्नुपर्ने छ।

## परिच्छेद ३
## व्यवस्थापन समिति सम्बन्धि व्यवस्थाः

४. **शव दाह गृह व्यवस्थापन समिति सम्बन्धि व्यवस्थाः** शवदाह गृह व्यवस्थित तवरले संचालन गर्न तथा सो को उचित मर्मत सम्भार, रेखदेख एवं संरक्षण गर्न एक शवदाह गृह व्यवस्थापन समिति गठन गरिने छ। शवदाह गृह व्यवस्थापन समितिमा निम्न पदाधिकारीहरु रहने छन्।

(क) नगर उप प्रमुख - संयोजक
(ख) शवदाह गृह रहेको वडाका वडाध्यक्ष - सदस्य
(ग) नगर प्रमुखले तोकेको कार्यपालिका सदस्य १ जना - सदस्य
(घ) देवघाट क्षेत्रविकास समितिको अध्यक्ष वा निजले तोकेको प्रतिनिधि - सदस्य
(ङ) स्वास्थ्य शाखा प्रमुख - सदस्य
(च) प्रमुख प्रशासकिय अधिकृतले तोकेको ईन्जिनियर - सदस्य
(छ) वातावरण महाशाखा प्रमुख - सदस्य सचिव

**५. शवदाह गृह व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**

(क) स्थानीय तह, स्वास्थ्य संस्था. प्रहरी प्रशासन तथा अन्य निकायसँग सहकार्य र समन्वय गर्ने ।

(ख) शवदहन प्रक्रियामा धार्मिक तथा सांस्कृतिक परम्परालाई जगेर्ना गर्न पहल गर्ने ।

(ग) शवदाह गृहको उचित व्यवस्थापन गर्न आवश्यक वजेट लगायतका विषयमा अन्य सरोकारवाला निकायसँग समन्वय गर्ने ।

(घ) शवदाह गृहलाई निरन्तर र व्यवस्थित रुपमा सञ्चालन गर्ने ।

(ङ) वातावरणमैत्री दाह संस्कारको प्रचार प्रसार र प्रोत्साहनमा जोड दिने ।

(च) शवदाह गृहलाई नियमित रुपमा सञ्चालन गरी आवश्यकतानुसार प्राविधिकहरुबाट मर्मत सम्भार लगायतका कार्यहरु गर्ने/गराउने ।

(छ) शवदाह गृहको आवश्यक संरक्षण, हेरचाह गर्ने/गराउने ।

(ज) स्थानीय तह, प्रदेश/सङ्घीय सरकारले तोकेको नियमावली अनुसार कार्य गर्ने ।

(झ) शवदाह गृहको संचालनमा खटिने कामदारलाई आवश्यक निर्देशन दिने ।

(ञ) शवदाह गृहको आम्दानी तथा खर्च सम्बन्धि विषयको अनुगमन गर्ने ।

## परिच्छेद ४

## संचालन तथा अनुमति सम्बन्धी व्यवस्थाः

**६. सार्वजनिक निजी साझेदारी वा समुदाय सरकार सझेदारीमा शवदाह गृह संचालन :**

(१) प्रचलित कानून बमोजिम स्थापना भएका संघ संस्था वा फर्महरुलाई तोकिएको शर्त सहित शवदाह गृह सञ्चालनको अनुमति/ जिम्मेवारी दिन सकिनेछ । यसरी अनुमति दिदा एक पटकमा बढीमा ३ वर्षको लागि सम्झौता गरिनेछ ।

(२) उपदफा (१) बमोजिम संचालनको अनुमति प्रदान गर्दा दुई पक्ष बीचमा भएको सम्झौतालाई नै आधार मानी कार्य संचालन गरिनेछ । दुवै पक्षको सहमतिका आधारमा कानुन बमोजिम सम्झौता गर्नुपर्ने छ ।

(३) सार्वजनिक निजी साझेदारी वा समुदाय सरकार साझेदारीमा शवदाह गृह सञ्चालन गर्दा सञ्चालन व्यवस्थापनको लागी जनशक्ति साझेदार संस्थाकै तर्फबाट गर्नुपर्नेछ ।

(४) साझेदारीमा शवदाह गृह सञ्चालन गर्न महानगरपालिकाले कम्तीमा १५ दिनको सार्वजनिक सूचना प्रकाशित गरी सञ्चालन अवधारणा पत्र, आशयपत्र र प्रस्ताव माग गर्न सक्नेछ ।

(५) सम्झौतामा देहायका विषयहरु स्पष्ट उल्लेख हुनुपर्नेछ ।

(क) सम्झौता वहाल रहने अवधि ।

(ख) सम्झौताका पक्षहरुले पालना गर्नुपर्ने शर्तहरु ।

(ग) भरतपुर महानगरपालिकालाई बुझाउनु पर्ने लिज वा रोयल्टी रकम आदि ।

## परिच्छेद ५
## जनशक्ति सम्बन्धी व्यवस्था

**७. जनशक्ति सम्बन्धि व्यवस्थाः**

(१) विद्युतीय शवदाह गृह संचालन, संरक्षण, सरसफाई र शवदहन कार्यमा भरतपुर महानगरपालिकाले आवश्यक जनशक्ति उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम उपलव्ध हुने जनशक्तिहरुका लागि नियमानुसार सेवा सुविधा प्रदान गरी काममा लगाउन सकिनेछ ।

## परिच्छेद ६
## आवश्यक कागजातहरु सम्बन्धि व्यवस्था

**८. विद्युतिय शव दाह गर्दा उपलब्ध गराउनु पर्ने आवश्यक कागजातहरुः**

(क) अस्पतालमा मृत्यु भएको भए मृत्यु प्रमाण पत्रको फोटोकपी पेश गर्नुपर्ने छ।

(ख) पोष्टमार्टम भएका शवको हकमा प्रहरीको शदगद पुर्जी पेश गर्नुपर्ने छ।

(ग) मृतकका परिवारको नागरिकता वा परिचय पत्र वा परिचय खुल्ने अन्य कागजको प्रतिलिपि।

## परिच्छेद-७
## विविध

**९. कानुन वमोजिम हुनेः**

(क) यस कार्यविधिमा उल्लिखित विषयहरु संघ तथा प्रदेश कानुन सँग बाझिएमा बाझिएको हदसम्म संघ र प्रदेश कानून बमोजिम हुने र यस कार्यविधिमा उल्लिखित विषयहरु यसै कार्यविधि बमोजिम हुनेछ। साथै अन्यको हकमा प्रचलित कानुन बमोजिम हुनेछ।

(ख) भरतपुर महानगरपालिका नगर कार्यपालिकाको निर्णयले यस कार्यविधिमा नियमानुसार आवश्यक संशोधन तथा थपघट समेत गर्न सकिनेछ।

दफा ३ (क) सँग सम्बन्धित

## अनुसूची १

## मृतकको विवरण

नाम :

ठेगाना : उमेर : लिङ्गः

मृतकको परिवारको सदस्य/हकवालाको नामः

मृतकको परिवारको सदस्य/हकवालाको ठेगानाः

मृतकको परिवारको सदस्य/हकवालाको सम्पर्क नः

**मृत्युको कारणः**

क) कालगतिले

ख) दुर्घटनाः-

१) सडक, २) प्लेन ३) आत्महत्या/आत्म दाह ४) अन्य

ग) रोग

१) क्यान्सर २) मुटु ३) मिर्गौला ३) अन्य

मृत्यु भएको स्थानः ............................................. मृत्यु भएको समयः ..........

शव दहन मिति/ समय : ................................. / .......................

अन्यः

**संलग्न कागजातहरुः**

१) परिवारका सदस्य/हकवाला नागरिकता वा परिचय पत्रको फोटोकपी।

२) अस्पतालमा मृत्यु भएकोमा मृत्यु प्रमाणपत्र।

३) पोष्टमार्टम भएका शवको हकमा प्रहरीको शदगद पुर्जी।

४) अन्य

निवेदक

नामथरः

ठेगानाः

मृतक सँगको नाताः

सम्पर्क नं.

दफा ३ (क) सँग सम्बन्धित

## अनुसूची २

## शवदाह गृह शवदहन स्वीकृति पत्र

मितिः ............................

श्री ..................................

..........................जि .......................... न.पा./गा.पा. वडा नं. ........ ।

**विषयः शवदाह गृह शवदहन स्वीकृति पत्र ।**

....................... जिल्ला ........................ न.पा./गा.पा. वडा नं. ........ बस्ने वर्ष ......... को मृतक ........................................................ को मृतक शरीरलाई विद्युतीय शवदाह गृहमा शव दहन गर्न तपाई ................................................ले अनुसूची १ बमोजिमको विवरण भरी पेश गर्नु भएकोमा व्यहोरा मनासिव देखिएकोले विद्युतीय शवदाह गृहमा शव दहन गर्न स्वीकृति प्रदान गरिएको छ ।

...............................

स्वीकृति प्रदान गर्ने

---

आज्ञाले

**लक्ष्मी प्रसाद पौडेल**

प्रमुख प्रशासकीय अधिकृत